# NON-RESIDENT NEPALI ASSOCIATION

# गैरआवासीय नेपाली संघ

## NEWSLETTER समाचार

16 March – May 31, 2010 | ISSUE 3 | चैत्र २०६६ – जेठ २०६७


**यस अंकमाः**


- अमेरिकाको ह्युस्टन शहरमा चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन सम्पन्न
- डा. उपेन्द्र महतो २०६६ सालको वर्ष व्यक्ति
- विश्व साइकल यात्री पुस्कर शाहलाई एन.आर.एन.ए को झण्डा
- शान्तिसभामा गैरआवासीय नेपालीहरुको सहभागिता
- अन्तर्राष्ट्रिय समन्वय परिषदको २२ औ साइवर वैठक सम्पन्न
- गैरआवासीय नेपाली संघद्वारा खुल्ला विश्वविद्यालयको अवधारणा प्रस्तुत
- गैरआवासीय नेपाली संघद्वारा नेपाल सरकारलाई ज्ञापन पत्र
- गैरआवासीय नेपालीहरुको अन्तर्राष्ट्रिय सगरमाथा दिवसमा सहभागिता
- महासचिव रतन झा र सचिव तेन्जी शेर्पाको एक संक्षिप्त परिचय
- राष्ट्रिय समन्वय परिषदका आयोजित कार्यक्रमहरु


### अमेरीकाको ह्युस्टन शहरमा चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन सम्पन्न

गैरआवासीय नेपाली संघको चौथो क्षेत्रीय सम्मेलन टेक्सासको ह्युष्टन शहरमा १४ बुँदे घोषणा पत्र जारी गरी सम्पन्न भएको छ। २८ देखी ३० मे सम्म आयोजना भएको उक्त सम्मेलनमा विश्वभर छरिएर रहेका ३५० भन्दा बढी गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो ।

उक्त सम्मेलनको उद्घाटन अमेरिकाका लागि नेपालका राजदूत डाक्टर शंकर शर्मा, संयुक्त राष्ट्र संघका लागि स्थायि प्रतिनिधि ज्ञान चन्द्र आचार्य र गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले संयुक्त रुपमा पानसमा बत्ति बालेर गर्नु भएको थियो । गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले सम्मेलनमा भागलिन आउनु भएका सहभागीहरुलाइ स्वागत गर्नु भएको थियो भने गैरआवासीय नेपाली संघका महासचिव एवं सम्मेलनका संयोजक रतन झाले कार्यक्रमको संयोजन गर्नु भएको थियो ।



उक्त सम्मेलनमा मुख्यतया नेपालको संविधानसभा, भारतको मेघालयमा बस्ने नेपालीहरुको मानव अधिकार, सामूहिक लगानी, खुलाविश्वविद्यालय, दोहोरो नागरिकता, महिला सशक्तिकरण, नेपाल पर्यटन वर्ष २०११ को प्रवर्द्धन, अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा स्वीकृत परियोजनाहरुमा योगदान, नेपाली कला, साहित्य र संस्कृतिको प्रवर्द्धन लगायतका विषयहरुमा छलफल गरिएको थियो ।


**NRNA SECRETARIAT**
FNCCI Building, Pachali Shahid Shukra Milan Marg, Teku,
PO Box 269, Kathmandu, Nepal.

Tel: (+977-1) 4215247/4262061, Fax: 4215247
Email: nrn@nrn.org.np
Web: www.nrn.org.np




अमेरिकाका लागि नेपालका राजदूत डाक्टर शंकर शर्मा, संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि ज्ञानचन्द्र आचार्य, ह्युष्टन विश्वविद्यालय टेक्सासका चान्सलर एवं अध्यक्ष प्रोफेसर रेणु खटोर, अथावास्का विश्वविद्यालय क्यानाडाका अध्यक्ष डाक्टर फ्रिट्स पानेकोएक लगायतले सम्मेलनका फोरमहरुलाई सम्बोधन गर्नु भएको थियो ।

अमेरिका सम्मेलनमा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवं प्रमुख संरक्षक डा. उपेन्द्र महतो, उपाध्क्षय द्वय जीवा लामिछने र सागर नेपाल, कोषाध्यक्ष रामेश्वर शाह, प्रवक्ता डा. कुमार बस्नेत, युवा प्रतिनिधि, क्षेत्रीय संयोजक एवं उपसंयोजकहरु, अन्तर्राष्ट्रि समन्वय परिषदका सदस्यहरु, राष्ट्रिसमन्वय परिषदका पदाधिकारीहरु लगायत विभन्न देशहरुबाट आउनु भएका गैरआवासीय नेपालीहरु, अमेरिकामा बसोबासरत नेपालीहरु लगायत कलाकार एवं संचारसकर्मीहरु को सहभागिता रहेको थियो ।

## गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन २०१० ले जारी गरेको ह्युस्टन घोषणा पत्र

**२९ मे २०१०**

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको आयोजना र राष्ट्रिय समन्वय परिषदहरु संयुक्त राज्य अमेरिका एवंम क्यानाडाको आथित्यमा **"नेपालको द्रुदतर विकासका लागि ज्ञान र लगानी प्रवाह"** को मूल नारा सहित टेक्सास राज्यको ह्युस्टन शहरमा सम्पन्न यो चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन २०१० ले निम्न बुदा सहित यो घोषणा पत्र जारी गरेको छ।

१. नेपालको ऐतिहासिक परिवर्तन पछि निर्वाचित संविधान सभाले निर्धारित समयमा संविधान बनाउँने प्रकृया पुरा गर्न नसकी, संविधान निर्माणको कार्य पुरा गर्नको लागि १ वर्षको समय अवधि थपिएको परिप्रेक्ष्यमा नयाँ निर्धारित समयमा लोकतान्त्रिक मूल्य मान्यता सहितको संविधान निर्माण होस भन्ने यो सम्मेलन कामना गर्दछ।

२. विश्वभरि छरिएर रहेका नेपालीहरु नेपालमा दीर्घकालिन शान्ति, मुलुकको राष्ट्रिय एकता, क्षेत्रीय अखण्डता, विश्वव्यापी रुपमा सर्वस्वीकार्य मानव अधिकार सुनिश्चित गर्ने लोकतान्त्रिक संविधानको निर्माणको पक्षमा रहेको कुरा यो सम्मेलन जाहेर गर्दछ। साथै आम नेपालीको चाहना अनुरुप नयाँ निर्धारित समयमा नै संविधान सभालाई आफ्नो सबै कार्य पुरा गर्नलाई यो सम्मेलन आव्हान गर्दछ।

३. भारतको मेघालयमा भएको जातिय हिंसा प्रति यो सम्मेलनको ध्यान आकृष्ट भएको छ र अल्प संख्यक नेपाली भाषीहरुको मानव अधिकार रक्षाका लागि संवन्धित सरकारहरु संग आग्रह गर्दछ।

४. गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवंम प्रमुख संरक्षक डा. उपेन्द्र महतो **"सुप्रवल जनसेवाश्री"** द्वारा सम्मान हुनु भएकोमा डा. महतोलाई बधाई ज्ञापन गर्दै नेपाल सरकार प्रति धन्यवाद व्यक्त गर्दछ।

५. गैरआवासीय नेपाली विश्व सम्मेलनहरुमा प्रमुख राजनीतिक दलका नेताहरुले गैरआवासीय नेपाली सम्वन्धि ऐनमा गैरआवासीय नेपाली संघको सुझाव अनुरुप सुधारका लागि गरेको प्रतिवद्धता प्रति ध्यान आकृष्ट गर्दै गैरआवासीय नेपालीको परिभाषा लगायत अन्य विषयमा ऐनमा यथासिघ्र सुधार गर्न नेपाल सरकार र व्यवस्थापिका संसदलाई आग्रह गर्दछ।

६. नयाँ बन्ने संविधानमा **एक पटकको नेपाली सधैको नेपालीको** अवधारणा अनुरुप दोहोरो नागरिकताको प्रष्ट व्यवस्था गर्न संविधान सभालाई आग्रह गर्दछ। साथै यस अभियानमा बल पुर्याउन सबै राष्ट्रिय समन्वय परिषदहरुलाई आव्हान गर्दछ।

७. नेपालको आर्थिक समाजिक रुपन्तरणका लागि सामुहिक लगानिको अपरिहार्यतालाई मनन गरी सामुहिक लगानिको अवधारणालाई अगाडि बढाइने छ। सामुहिक लगानिको प्रयास केही राष्ट्रिय समन्वय परिषदबाट शुरु भइसकेको परिप्रेक्ष्यमा अन्य राष्ट्रिय समन्वय परिषदलाई पनि यस्तो कार्यमा प्रोत्साहित गरिने छ।

८. मुलुकको सर्वाङ्गिण विकासको लागि मानव संसाधानको विकासको महत्वलाई ध्यानमा राखि यो सम्मेलनले ज्ञान, सीप, प्रविधिको हस्तान्तरणलाई उच्च महत्वका साथ अघि बढाउँने निर्णय गरेको छ। नेपालमा उच्च तहको जनशक्ति निर्माणलाई सघाउन एक खुल्ला विश्वविद्यालय अति जरुरी भइसकको छ। अन्तर्राष्ट्रिय खुल्ला तथा दुर शिक्षा परिषद र अन्य ख्याति प्राप्त विश्वविद्यालयहरुबाट नेपालमा खुल्ला विश्वविद्यालय स्थापनाको लागि चाहिने प्राविधिक सहयोग गर्ने प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ। नेपाल सरकार, नेपाल र विदेशमा रहेका नेपाल संग संवन्धित संघ संस्था र दातृ निकायसंग मिलेर खुल्ला विश्वविद्यालयको स्थापना गर्ने कार्य अघि बढाउने प्रतिवद्धता यो सम्मेलन जाहेर गर्दछ।

९. यो सम्मेलन नेपालमा लोककल्यणकारी परियोजनाहरुमा अझै दत्त चित्त भएर लाग्न सबै गैरआवासीय नेपालीहरुलाई आव्हान गर्दछ। साथै प्रत्येक राष्ट्रिय समन्वय परिषदद्वारा कम्तिमा एउटा लोककल्याणकारी परियोजना संचालन गर्ने पुर्व प्रतिवद्धता दोहोर्याउदै अन्र्तराष्ट्रिय समन्वय परिषदद्वारा स्वीकृत परियोजनाहरुमा योगदानका लागि राष्ट्रिय समन्वय परिषदहरुलाई आव्हान गर्दछ।

१०. विश्वका आधा जनसंख्याको प्रतिनिधित्व गर्ने महिलाको सशक्तिकरण बिना मुलुकको रुपान्तरण संभव नहुने भएकोले गैरआवासीय नेपाली महिला लगायत महिला सशक्तिकरणको अभियानमा लाग्न यो सम्मेलन प्रण गर्दछ।

११. नेपाल पर्यटन वर्ष २०११ लाई सफल पार्न सबै गैरआवासीय नेपाली संघका राष्ट्रिय समन्वय परिषदहरुलाई नेपालका पर्यटकीय स्थानहरुको परिचय गराउने कार्यक्रमहरु गर्न प्रोत्साहित गर्दछ। बुद्धको जन्मस्थल लुम्बिनी नेपालको अभिन्न अंग भएको तथ्य विश्व भरी फैलाउने अभियान राष्ट्रिय समन्वय परिषद मार्फत संचालन गरिने छ।

१२. हाम्रो नेपालीपनलाई जिवन्त राख्नका लागि गैरआवासीय नेपालीहरुलाई नेपालको मौलिक भाषा, साहित्य, संस्कृति र कला संग जोडि राख्नु अपरिहार्य भएकोले नेपाली कला, साहित्य, भाषाको प्रवर्धनका लागि प्रण गर्दै यस क्षेत्रमा योगदान गर्ने सबैको यो सम्मेलन उच्च कदर गर्दछ।

१३. प्रत्येक वर्षको २८ मे लाई नेपाल दिवसका रुपमा मनाउने ह्युस्टन नगर प्रशासनको निर्णयको स्वागत गर्दै मेयर सुश्री अनिस पार्कर लगायत संबन्धित सबैलाई यो सम्मेलन आभार ब्यक्त गर्दछ। अन्य शहरहरुमा पनि यस्तै प्रकारको नेपाल दिवसको औपचारिक मान्यता प्राप्त गर्नका लागि काम गरिने छ।

१४. यस सम्मेलनका लागि विश्वभरका नेपालीहरुलाई यस सुन्दर नगरी ह्युस्टनमा स्वागत गर्ने ह्युस्टनबासी नेपालीहरुलाई गैरआवासीय नेपाली संघ अन्तरराष्ट्रिय समन्वय परिषद आभार ब्यक्त गर्दछ। साथै यस सम्मेलनलाई विभिन्न किसिमबाट सफल पार्न उपस्थित भई दिनुभएका अमेरिकी, क्यानाडी र अन्य नेपालका मित्रहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद धन्यवाद ज्ञापन गर्दछ। सम्मेलन सफल पार्न सहयोग गर्ने सबै व्यक्ति तथा संस्थालाई एवंम सहभागिहरुलाई यो सम्मेलन कृतज्ञता ज्ञापन गर्दछ।

**डा. उपेन्द्र महतो २०६६ सालको वर्ष व्यक्तिमा छनोट**

कान्तिपूर पब्लिकेसनको पाक्षिक प्रकाशनले गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतोलाई नेपालको सामाजिक आर्थिक क्षेत्रमा महत्वपूर्ण योगदान गरे वापत २०६६ सालको वर्षव्यक्ती ( **Man of the Year**) मा छनोट गरी सम्मान गरेको छ ।




## विश्व साइकल यात्री पुस्कर शाहलाई एनआर.एन.ए को झण्डा हस्तान्तरण

२०६६ चैत्र २६ गतेका दिन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा राष्ट्रपति भवनको प्रागंणमा भएको एक समारोहमा गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतोले गैरआवासीय नेपाली संघको लोगो अंकित झण्डा सगरमाथा आरोहणमा निस्कनु भएका विश्व साइकल यात्री पुस्कर शाहलाई हस्तान्तरण गर्नु भयो ।

श्री शाहले १५० देशहरुमा साइकलमा भ्रमण गरिसक्नु भएको छ र यस पटक उहाँले नेपालको राष्ट्रिय झण्डा र उहाँले भ्रमण गर्नु भएका सबै मुलुकको झण्डा लिएर सगरमाथा आरोहण गर्ने कार्यक्रम रहेको छ । समारोहमा साइकल यात्री शाहलाई शुभकामना दिनु हुँदै प्रमुख संरक्षक महतोले आफूले दृढ निश्चय गरेर लागि परेमा जस्तोसुकै काम गर्न सफल हुन सकिन्छ भन्ने कुराको दृष्टान्त पुस्कर शाहले प्रस्तुत गरेको बताउनु भयो । उहाँले शान्त र समृद्ध नेपालको चाहनामा सबै गैरआवासीय नेपालीको ऐक्यबद्धता रहेको बताउनु भएको छ । समारोहमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको राष्ट्रिय झण्डा हस्तान्तरण गर्दै साइकल यात्री शाहको सफलताको कामना सहित उहाँ र उहाँको दलको सदस्यहरुलाई सगरमाथा आरोहणको प्रारम्भ गराउनु भयो ।

उक्त समारोहमा नेपाल सरकारका मन्त्रीहरु, विशिष्ट तहका पदाधिकारीहरु, बेलारुस राष्ट्रिय समन्वय परिषदका अध्यक्ष विरेन्द्र महतोका साथै सचिवालयका कार्यकारी निर्देशक डा. हेमन्त दवाडीको समेत उपस्थिति रहेको थियो ।

## गैरआवासीय नेपालीहरुको शान्ति सभामा सहभागीता

२०६७ बैशाख २४ गते शुक्रवार सम्पन्न वृहत शान्ति सभामा ऐक्यवद्धता जनाउन गैरआवासीय नेपाली संघ पनि सामेल भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ र विकासका लागि स्वतन्त्र पेशाकर्मीहरुको संजाल पापडको संयुक्त आयोजनामा यसका सदस्यहरु र नेपाल चेम्बर अफ कमर्शको संयोजनमा आयोजना भएको वृहत शान्ति सभामा होटल संघ नेपाल, नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायत धैरै संघ संस्था, उद्योगी व्यबसायी र आम नागरिकहरुको सहभागिता रहेको थियो । गैरआवासीय नेपाली संघका उपाध्यक्ष जीवा लामिछाने, सल्लाहकार डा. जुगल भूर्तेल, एशिया प्रशान्त क्षेत्रका उप क्षेत्रीय संयोजक रुद्र शर्मा, अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य सुधिर तिमिल्सिना, राष्ट्रिय समन्वय परिषद अमेरीकाका उपाध्यक्ष होमराज आचार्य, रुसका एनआरएन रविन्द्र भट्टराई लगायत धैरै देशबाट आउनु भएका गैरआवासीय नेपालीहरुको उपस्थिति रहेको थियो ।



## गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको २२ औं साइवर वैठक सम्पन्न

२०१० मार्च २० मा संघका अध्यक्ष देवामान हिराचनको अध्यक्षतामा अन्तर्राष्ट्रिय समन्वय परिषदको २२ औं साइवर वैठक सम्पन्न भएको छ । उक्त वैठकमा विभिन्न कार्यदलका संयोजकहरुले पेश गरेका प्रतिवेदनहरु, राष्ट्रिय समन्वय परिषदहरुको रिपोर्ट, एशिया र अफ्रिकाबाट आइसिसि सदस्यहरुको मनोनयनका साथै अन्य महत्वपूर्ण कुराहरुमा निर्णय भएका छन् । साथै उक्त वैठकले नेपाली कांग्रेसका सभापति एवंम पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको निधन प्रति समवेदना प्रकट गरेको थियो । उक्त वैठकको संयोजन महासचिव रतन झाले गर्नु भएको थियो भने गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो, संरक्षक सदस्य भीम उदास, संघका पदाधिकारी लगायत ४१ जना सदस्यहरुले भाग लिन भएको थियो ।

## गैरआवासीय नेपाली संघ द्वारा खुल्ला विश्वविद्यालयको अवधारणा प्रस्तुत

विश्वका विभिन्न स्थानमा छरिएर रहेका गैरआवासीय नेपालीहरुले देशमा आफूले आर्जन गरेको ज्ञान र सीप राष्ट्र निर्माणमा प्रयोग गर्ने उद्देश्यले खुल्ला विश्वविद्यालयको अवधारणा अघि सारेका छन् । गैरआवासीय नेपाली संघको अगुवाईमा यो अभियान संचालन गर्न लागिएको संघका अध्यक्ष देवमान हिराचनले जानकारी दिनुभएको छ।

अध्यक्ष हिराचनका अनुसार गैरआवासीय नेपाली अभियानको सुरुवातसंगै विदेशमा रहेका नेपालीहरुले आर्जन गरेको ज्ञान र सीप नेपालको रुपान्तरणका लागि कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरामा गहन छलफल हुँदै आएको हो। उहाँका अनुसार नेपालको द्रुदतर विकासका लागि विदेशमा आफूले आर्जन गरेको ज्ञान र प्रविधिलाई नेपालमा परिचालन गर्नुपर्ने कुरामा कसैको पनि दुई मत छैन। यस कार्यका लागि गैरआवासीय नेपालीहरु परिवर्तनका संवाहक हुन्। गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपालीहरुलाई आफ्नो ज्ञान र सीप नेपालको रुपान्तरणमा प्रयोग गर्न भन्दै आएको छ।

अध्यक्ष हिराचनका अनुसार अभियानको प्रारम्भिक दिनहरुमा निश्चित समयका लागि नेपाल फर्केर यहाँको अर्थतन्त्रमा काम गरेर गैरआवासीय नेपालीहरुले आफ्नो ज्ञान र सीप नेपाललाई हस्तान्तरण गर्न सक्तछन् भन्ने धारणा बढी व्याप्त थियो। तर विदेशमै कार्यरत रहँदा समेत उनीहरुको ज्ञानको भण्डार मुलुकलाई कसरी फाइदाजनक बनाउन सकिन्छ भन्ने तर्फ सोच बढ्दै जाँदा एक उपायका रुपमा खुला विश्वविद्यालयको सोच अघि आएको हो। नेपालको रुपान्तरणका लागि नेपालीहरुको सीप र शिक्षामा गुणात्मक वृद्धिको आवश्यकता रहेकोमा जोड दिदै धेरै मुलुकहरुले खुला विश्वविद्यालय (Open University) दुर शिक्षा (Distance Learning) मार्फत आफ्ना नागरिकको ज्ञान र सीपको स्तर वृद्धि गरेको बताउनु भएको छ। नेपालमा यस्तो किसिमको व्यवस्था खट्किएको महशुस विभिन्न क्षेत्रबाट हुँदै आएको छ उहाँले बताउनु भएको छ।

गैरआवासीय नेपाली संघको चौथो विश्व सम्मेलन पश्चात ज्ञान, सीप र प्रविधि हस्तान्तरणको क्षेत्रमा कार्य अघि बढाउने निर्णय गरेको उल्लेख गर्नु हुँदै सोही उद्देश्य पुर्तिका लागि डा. राजु अधिकारीको संयोजकत्वमा Skill Knowledge and Innovation Exchange कार्यदल गठन गरेको अध्यक्ष हिराचनले बताउनुभएको छ। उक्त कार्य दलले गैरआवासीय नेपालीहरु र अरु सम्बन्धित पक्षसंग वृहद छलफल पछि खुल्ला विश्वविद्यालय संचालन सम्बन्धी सहमति पत्रको खाका तयार पारेको छ। अध्यक्ष हिराचनका अनुसार यो सहमति पत्रमा सहमति पश्चात खुला विश्वविद्यालयको कार्य अघि बढाउन मद्दत मिल्ने छ। उहाँका अनुसार यस सम्बन्धी सहमतिका लागि सम्बद्ध निकायमा पहल भइसकेको छ।

## गैरआवासीय नेपाली संघद्वारा नेपाल सरकारलाई ज्ञापन पत्र

२०६७ जेठ १२ का दिन गैरआवासीय नेपाली संघले एक ज्ञापन पत्र सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय पर्यटन मन्त्रीज्यू र माननीय संस्कृति मन्त्रीज्यूको कार्यलयमा बुझाएको छ । उक्त ज्ञापन पत्रमा पर्यटन बर्ष २०११ लाई प्रभावकारी र सफल पार्ने संदर्भ पारेर भगवान गौतम बुद्ध जन्मेको ठाउँको तथ्यलाई विश्वका बिभिन्न अन्तर्राष्टिय संस्थाहरु (यू.एन.ओ., यूनिसेफ आदि ) मार्फत र बुद्ध धर्म बारे अनुसंधान गर्ने शिक्षण संस्थाको समेत सहयोग लिएर विश्वभरि नेपाललाई बुद्ध भगवानको जन्म देशको रुपमा चिनाउने गरी सही सूचना प्रवाह गर्नु पर्ने आवश्यकता अझै रहेको तर्फ प्रधानमन्त्रीज्यूको र नेपाल सरकारको समेत ध्यान पुगोस र यस बारे अबिलम्ब उचित कदम चाल्नको लागि आग्रह गरिएको छ ।

गैरआवासीय नेपाली संघले विभिन्न समयमा आफ्नो संजाल मार्फत विश्वभरि छरिएर रहेका गैरआवासीय नेपालीहरुलाई परिचालित गरी विश्व समुदायलाई भ्रममुक्त गर्ने प्रयास गर्दै आए पनि राज्यस्तरबाट पनि प्रभावकारी कदम चालिनु पर्छ भन्ने संघको मान्यता रहेको छ । तसर्थ भगवान बुद्धको जीवन र संदेश बारे शिक्षा, संस्कृति र पर्यटन मंत्रालय मार्फत थप प्रचार-प्रसारको अति आवश्यकता रहेको तर्फ नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । संघका सचिव तेन्जी शेर्पाको संयोजकत्वमा एक कार्य दलको गठन गरी यस कार्यमा तदारुकताका साथ कार्यहरु भैरहेको छ ।




## गैरआवासीय नेपालीहरुको अन्तर्राष्ट्रिय सगरमाथा दिवसमा सहभागिता

२९ मे लाई अन्तर्राष्ट्रिय सगरमाथका दिवसका रुपमा मनाउनको लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजनामा एक प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो ।

यस अवसरमा मे २९ का दिन विहान आयोजित र्‍यालीमा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री शरतसिंह भण्डारी, नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख, नेपाल सरकारका अधिकारीहरुका साथै पर्यटन क्षेत्र संग सम्बन्धित संघ संस्थाहरुको उपस्थिति रहेको थियो ।

उक्त सामारोहमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद बहराइनका अध्यक्ष श्याम तामाङ्ग, सगरमाथा आरोही एवं अमेरीकाका गैरआवासीय नेपाली एसि शेर्पा लगायत अन्य देश बाट पाल्नु भएका गैरआवासीय नेपालीहरुका साथै गैरआवासीय नेपाली संघका कर्मचारीहरुको पनि सहभागिता रहेको थियो ।

## BRIEF INTRODUCTION / संक्षिप्त परिचय



**Mr. Ratan K. Jha**

**General Secretary**

Born and brought up in Sisautiya Village in Sarlahi district of southern Nepal, Mr. Jha came to the United States of America in 1991 to attend a Master's program at the University of Oklahoma (OU), Norman. He graduated with a Master's degree in Civil Engineering from OU in 1994. Mr. Jha is a registered professional engineer (P.E.) in the State of Texas. Currently, he lives in Houston, Texas with his wife and a son and daughter. He has businesses in the areas of real estate development (Global Royal Investments) and heavy civil construction (Grisham & Jha Group).

Mr. Jha has over 17 years of experience, both in public and private sectors, in the field of construction, real estate and infrastructure development. Apart from US businesses, he also has businesses in UAE and Nepal. Mr. Jha recently launched Post-Tension Services—Nepal (PTSN) in Kathmandu, Nepal. The primary goal of PTSN is to introduce American methodology and technology in the area of modern building design and construction, earth-quake resistant structures, etc.

Mr. Jha is very active member of the Nepali diaspora in North America. Prior to becoming the General Secretary of the NRNA-ICC, he served as Co-Chairman of Non-Resident Nepali (NRN) Association of North America. He is also the founding President of ANTA (www.terai.org), the first ever Teraian association in the US to enhance and promote Teraian's identity, culture and linguistic heritage in North America.



**श्री तेन्जी शेर्पा**

**सचिव**

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनमा सचिवमा निर्वाचित तेन्जी शेर्पाको जन्म जुला ई १९६७ मा सोलुखुम्बुको सल्लेरीमा भएको हो । कोरीयाको सउल युनिभर्सिटिबाट इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा मास्टर डिग्रि हासिल गरेका श्री शेर्पा विगत दुई दशक देखि कोरीयाको सियोलमा रहदै आउनु भएको छ । उहाँ कोरीयाको ह्योन्डाइ ईन्जिनियरिङ कम्पनीमा विगत १५ वर्ष कार्यरत हुनुहुन्थ्यो ।

उहाँले कोरीयामा "नेपालीयाना" नामक कंपनी स्थापना गरी नेपालको पर्यटन र कला संस्कृतिको कोरीयामा प्रवर्धनको कार्य गर्दै आउनु भएको छ । गैरआवासीय नेपाली संघको अभियानमा सकृय रुपमा भाग लिदै आउनु भएका श्री शेर्पा यस अघिको अन्तर्राष्ट्रिय समन्वय परिषदमा सदस्य पदमा कार्यरत हुनुहुन्थ्यो ।

गैरआवासीय नेपाली संघको Promotion of Nepal Task Force का संयोजक रहनु भएका श्री शेर्पाले एक साथी घर पठाउ अभियानमा सकृय रुपमा लागी नेपालको पर्यटन र संस्कृतिको प्रवर्धनमा विशेष योगदान गर्नु भएको छ । सामजिक कार्यमा संलग्न श्री शेर्पाले डोल्मा बचाउ कोषको स्थापना गरी नेपालकी चेली डोल्मालाइ मृत्युदण्डबाट बचाउनको लागी ठूलो भूमिका खेल्नु भएको थियो ।

## NEWS OF NATIONAL COORDINATION COUNCILS / राष्ट्रिय समन्वय परिषद्द्वारा आयोजित कार्यक्रम

### NRNA National Coordination Council of USA Holds Town Hall Meeting in Denver

On the occasion of the Nepali New Year 2067 the Rocky Mountain Friends of Nepal (RMFN) organized a town hall meeting on NRN Association was organized in Denver Colorado on April 17, 2010. About 80 participants attended the meeting. The meeting was presided by the NACC Southwest VP Dr. Vijaya R Sharma. Nepal's Ambassador to U.S. His Excellency Dr. Shankar Prasad Sharma was the Chief Guest. Mr. Gyanendra Gadal, the President of the INLS Colorado Chapter conducted the meeting. The meeting began with a welcome address by the RMFN President Ms Neelam Shrestha.

Dr. Ambika Adhikari, North America Regional Coordinator of the NRN Association was the main speaker, who made a presentation on the NRNA structure, its mission and the current principal activities and issues the NRNA is handling. HE Dr. Sharma spoke on the role of NRNs in promoting tourism and investment in Nepal and on the need of Nepalis in America to work towards building up relationships with American business organizations and the political and bureaucratic leadership in the system of American government.

On the same occasion the President of the Rocky Mountain Sherpa Association Mr Pemba Sherpa offered his association's willingness to work for promoting tourism in Nepal. Mr. Pushpa Paudel Director of Community Development Department of Nepal Red Cross who is visiting Colorado, also spoke. He introduced the Red Cross organization, its mission and functions, and also suggested ways for building up organizational relationships between Nepal Red Cross and the Nepali Associations in U.S., like the RMFN. There were questions from the floor on issues like the NRN ID card to which HE Dr Sharma and Dr Adhikari answered. The meeting lasted over one and half hours and closed with the concluding remarks by Dr Vijaya Sharma.

### राष्ट्रिय समन्वय परिषद ग्रीसको गठन

मार्च २९ २०१० का दिन ५६ औं राष्ट्रको रुपमा राष्ट्रिय समन्वय परिषद ग्रीसको गठन भएको छ । एक वैठकको आयोजना गरी श्री याम बहादुर शाहीको अध्यक्षतामा १३ जना सदस्यहरु भएको कार्य समितिको चयन गरिएको छ ।

### Interaction Program with Deputy PM and Foreign Minister in Norway

NRNA NCC Norway in collaboration with Nepalese community and students in Oslo organized an interaction program with Honorable Deputy Prime Minister Sujata Koirala. The other members of the Nepalese Delegation Honorable Ram Krishna Yadav, Dr. Chiranjibi Nepal, Mr. Dhananjaya Jha, Mr. Jhabindra Aryal, and Mr. Tirtha Raj Wagle were also there in the program organised in Oslo on 8th March, 2010.

The program was chaired by NRNA NCC Norway's Vice President Mrs. Marina Adhikari. NRNA ICC member Dr. Suraj Thapa then briefed about the situation of Nepalis living in Norway, and reminded about potential resources of Norwegians and Nepalese Diaspora in Norway. He requested the DPM to consider opening a Nepalese Embassy in Norway in order to tap the greater interest of Norwegians in Nepal, in peace making, education, hydropower, governance etc. Mr. Jeevan Baniya, Ph. D. student at the University of Oslo talked about Nepalese students in Oslo.

Dr. Hari Dhakal talked about peace through health and requested the Government to lobby for peace through health in order to garner additional help from the Norwegian Government for a long lasting peace in Nepal. The meeting was then addressed by the Deputy Prime minister Sujata Koirala who briefed about the positive outcome of her visit to Europe. She also informed about the progress and challenges in constitution drafting including the dual citizenship issue. She asked the NRNs to give feedback/comments on newly issued NRN cards so that shortcomings could be improved in near future.

There was a brief question-answer session where the Deputy PM and her colleagues answered the questions raised by the participants. Mrs. Marina Adhikari then addressed the meeting and announced the closing of the 2 hour long interaction program, which was followed by a tea reception. The interaction program was coordinated by NRNA Norway's Treasurer Ms. Nani Raut while the interaction program was conducted by Mr. Jeevan Baniya.

## गैरआवासीय नेपाली संघ साउदी अरबको भेटघाट कार्यक्रम सम्पन्न

नयाँ बर्ष २०६७ को अवसरमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबले एक भेटघाट कार्यक्रम आयोजना गरेको छ । उक्त कार्यक्रममा राष्ट्रिय समन्वय परिषदका पदधिकारीहरूका साथै प्रबासी नेपाली सेवा समिति, नेपाली जन प्रगतिशिल मञ्च, लुम्बिनी प्रवासी मञ्च, आदिवासी जनजाति महासंघ, तामांग समाज, प्रवासी किरात एकता संघ, धनकुटा सेवा समिति, क्रिष्टल भिजन प्रा.ली.का प्रतिनिधिहरू, राष्ट्रिय गायक छन्त कार्की, ब्यवसायी तथा समाजसेवी हरी घिमिरेले आ-आफ्नो शुभकामना मन्तब्य दिनुभएको थियो ।

राष्ट्रिय समन्वय परिषद साउदी अरबका प्रवक्ता राम श्रेष्ठले सञ्चालन गर्नु भएको कार्यक्रमको सभापतित्व राष्ट्रिय समन्वय परिषद साउदी अरबका अध्यक्ष धरम के.सी.ले गर्नु भएको थियो भने प्रमुख आतिथ्यता प्राज्ञ डा. युध्द बहादुर क्षेत्रीले गर्नुभएको थियो ।

सोही दिन राष्ट्रिय समन्वय परिषदको आठौं बैठक बसी बिभिन्न बिषयहरूमा छलफल गरी निर्णयहरू गरिएको थियो ।

## एनआरएन जापानद्वारा २ वटा एम्बुलेन्स प्रदान

एनआरएन जापानको पहल र नेपाली दूतावास जापानको सहयोगमा फाएर फाइटर एसोसिएसन जापानवाट उपलव्ध दुईवटा एम्बुलेन्स मध्ये एउटा दाङ उधोग वाणिज्य संघ र अर्को वामी स्वास्थ्य चौकी वामी टक्सार गुल्मीलाई हालै छुट्टा छुट्टै समारोहका बिच हस्तान्तरण गरियो ।

एनआरएन एनसिसि जापानका उपाध्यक्ष लाल वहादुर केसी (रोशन) को प्रमुख आतिथ्यमा गुल्मीमा भएको उक्त हस्तान्तरण कार्यक्रममा स्थानिय वासिन्दाहरुको ठूलो उपस्थिति रहेको थियो।

त्यसैगरी पूर्व सञ्चार मन्त्री तथा एनेकपा माओवादीका पोलिटव्युरो सदस्य माननिय कृष्ण वहादुर महराको प्रमुख आतिथ्यमा भएको हस्तान्तरण कार्यक्रममा आइसिसि सदस्य अरुण कुमार श्रेष्ठका साथै जापानमा बसोवास गर्दै आउनु भएका दाङ निवासी दिनेश डिसी लगाएत स्थानिय बासिन्दाहरुको उपस्थिति रहेको थियो। स्मरण रहोस एनआरएन जापानको सक्रियतामा फायरफाइटर एशोसिएसन जापानले प्रत्येक वर्ष नेपाललाई २ वटा एम्बुलेन्स प्रदान गर्दै आएको छ। यस पटक प्राप्त एम्बुलेन्स दाङ र गुल्मी जिल्लालाई दिईएको हो ।

## एन आर एन पोल्यान्डको प्रथम अधिवेसनसम्पन्न

यही अप्रिल ४/ २०१० वार्सामा एनआरएन पोल्यान्डको पोल्याण्ड सरकारमा विधिवत दर्ता भई सकेपछिको प्रथम अधिवेसन अध्यक्ष बोध राज सुबेदीको अध्यक्षतामा सम्पन्न भयो । अधिवेशनमा जर्मनीबाट पाल्नु भएकी गैरआवासीय नेपाली संघ अन्तर्रराष्ट्रिय समन्वय परिषदकी महिला संयोजक उषा शर्मा र नर्वे बाट पाल्नु भएका आईसिसि सदस्य डा. सुरज बहादुर थापा बिशेष अतिथिको रुपमा सहभागी हुनु भएको थियो । कार्यक्रममा संस्थाको वार्षिक आय व्ययको प्रतिवेदन कोषाध्यक्ष दिपक सापकोटाले प्रस्तुतु गर्नु भएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष तेज नारायण अर्यालले गर्नु भएको थियो । उक्त अधिवेशनमा धर्वेन्द्र सुबेदी, डा. उदय देव आचार्य, सुभाश घिसिङ, राजु के.सी, डा. एलिनी सुबेदीले आफ्नो मन्तव्य दिनु भएको थियो । संस्थाको प्रतिवेदन वोध राज सुबेदीले पेश गर्नु भएको थियो ।

कार्यक्रम सन्चालन गर्दै संस्थाका सचिव मित्र लाल पार्देले गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचन, जर्मनीका लागि नेपाली राजदूत सुरेश कुमार प्रधान, गैरआवासीय नेपाली संघका उपाध्यक्ष जिवा लामिछाने तथा युरोप क्षेत्रीय संयोजक हितमान गुरुङको शुभकामना सन्देशहरु पढेर सुनाउनु भएको थियो । साथै गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो एवंम संरक्षक सदस्य राम थापाको एनआरएन पोल्याण्ड प्रति देखाउनु भएको सदभावलाई पनि अधिवेशनमा जानकारी गराइएको थियो ।

पहिलो चरणको कार्यक्रम समाप्त भएको घोषणा गर्दै २००८ मा गठित तदर्थ कार्यसमितिको बिघटन वोधराज सुबेदीले गर्नु भएको थियो भने गोपाल राइको सम्योजकत्वमा निर्वाचन समिती गठन गरी नयाँ कार्यसमितीको चयन गरिएको थियो । डा. वोध राज सुबेदीको अध्यक्ष्यतामा नयाँ कार्यसमिती निर्विरोध रुपमा चुनिएको छ। एनआरएन पोल्यान्डको तर्फबाट आईसीसी सदस्यमा डा. एलिनी सुबेदीलाई मनोनयन गरिएको छ ।

## साउदी अरबमा लोकतन्त्र दिवस

साउदी अरबमा लोकतन्त्र दिवसको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरीएको थियो । उक्त समारोहमा नेपाली राजदुत लगायत नियोगका बरिष्ठ कर्मचारीहरु तथा राष्ट्रीय समन्वय परिषदका महा सचिव बिश्वनाथ भण्डारीले आ-आफ्नो मन्तब्य व्यक्त गर्नु भएको थियो । उहाँहरुले लोकतन्त्रलाई संस्थागत गर्ने संविधान लेखन कार्यमा अन्यौल देखा परेकोले चिन्ता ब्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा नृत्यहरु प्रस्तुत गरिएका थिए ।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरवले समयमै संविधान निर्माणका लागि दवाब दिन साउदी अरवमा रहेका नेपालीहरुको हस्ताक्षर संकलन गरि दुतावास मार्फत नेपाल सरकारलाई पठाउन नेपाली राजदुत हमिद अन्सारीलाई बुझाएको छ ।



एनसिसीका उपाध्यक्ष नमराज लामिछानेको अग्रसरतामा संचालित हस्ताक्षर अभियानमा एनसिसि अध्यक्ष धरम के.सी., एनसिसी सल्लाहकार तथा आइसिसिका पुर्व मध्यपुर्व सह संयोजक चोला पाठक तथा एनसिसीका संस्थापक उपाध्यक्ष हरि घिमिरे सहितको उल्लेख्य संख्यामा नेपालीहरु दमाम देखि रियाद पुगेका थिए । त्यसैगरी स्थानीय रियादबाट समारोहमा सहभागी हुनेहरुमा आइसिसी सदस्य राम बहादुर बेलबासे, एनसिसी उपाध्यक्षहरु नमराज लामिछाने र भीम थापा, महा सचिव बिश्वनाथ भण्डारी तथा सदस्यहरु राम बस्नेत र मिनराज आचार्य हुनुहुन्थ्यो । समारोहमा उपस्थित भई हस्ताक्षर गर्नेहरुमा नेपाली समुदायका बिभिन्न समाजसेवी बुद्धिजीवी ब्यवसायीको पनि उपस्थिति रहेको थियो ।

## Traditional Nepali Art Exhibition in Moscow Russia

NRNA NCC Russia and Nepal Embassy, Moscow jointly organized the exhibition of Traditional Nepali Art on 8-16 April 2010 at the premises of Nepal Embassy, Moscow. The exhibition was graced by the Paubha Painters - Mr. Lok Bahadur Chitrakar, Mrs. Renuka Gurung and Sculptor - Mr. Pradeep Shakya. The program was a great success. Many NRNs and visitors from different museums, institutes, Diplomatic missions, Russian Officials, members of Budha Samaj in Russia visited the exhibition.

NCC Russia organized the event as an opportunity to discover Nepali Traditional Art. NCC Russia thanked all the artists and the Nepal Embassy for support in organization of the event. NCC Russia also thanked Mr. Dinesh Mani Shrestha for photographing the statues and painting for booklets and posters, Executive Committee members of NCC Russia and other Volunteers for all the support extended during the exhibition.



## एनसिसि डेनमार्कको कार्यसमितिको वैठक सम्पन्न

१८ अप्रिल २०१० का दिन एनसिसि डेनमार्कको कार्यसमितिको वैठक सम्पन्न भएको छ । उक्त वैठकमा खासगरी संस्थाको सदस्यता, आगामी हुने साधारण सभा, एनसिसि डेनमार्कद्वारा संचालित विभन्न परियोजनाका साथै अन्य विवध महत्वपूर्ण विषयहरुमा निर्णय गरिएको थियो । एनसिसि डेनमार्कका अध्यक्ष सोमनाथ सापकोटाको अध्यक्षतामा बसेको वैठकमा पदाधिकारहरु लगायत अन्य सदस्यहरुको उपस्थिति रहेको थियो ।

## एन.आर.एन. युकेद्वारा नेपाली नयाँ वर्ष २०६७ को उपलक्ष्यमा एक कार्यक्रमको आयोजना

एन.आर.एन. युकेले नेपाली नयाँ वर्ष २०६७ को उपलक्ष्यमा "स्रष्टाहरुको संझना साँझ" "Tribute to the Legends" कार्यक्रम यही अप्रिल ११ मा सम्पन्न गरेको छ । यस कार्यक्रमको सुभारम्भ प्रमुख अतिथि नेपाली कार्यवाहक राजदूत झपिन्द्र प्रसाद अर्याल, रेडिङका मेयर फ्रेड प्युग र एन.आर.एन. युकेका अध्यक्ष सुर्य गुरुङले संयुक्त रुपमा पानसमा बत्ति बालेर गर्नु भएको थियो ।

कार्यक्रमका अन्य विशेष अतिथिहरुमा रेडिङमा कन्सरभेटिभ पार्टीबाट संसदका उम्मेदवार तथा पुर्व सांसद रब विल्सन, लेवर पार्टीबाट संसदका उम्मेदवार अनालिसा डड्स, कन्सरभेटिभ पार्टीबाट संसदका उम्मेदवार आलोक शर्मा , एन.आर.एन. युकेका संरक्षक प्रो.डा. सूर्य सुवेदी, एन.आर.एन. युरोपका क्षेत्रीय संयोजक क्या. हितमान गुरुङ र युकेमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा एन.आर.एन. यूकेका राष्ट्रिय संयोजक भक्त गुरुङले सम्पूर्ण अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रमको वारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो ।

## श्रम मन्त्रिको सम्मानमा एनआरएनए-एनसिसी कतारद्वारा रात्री भोजको आयोजना

अप्रिल ७, मंगलबारका दिन माननीय श्रम तथा यातायात ब्यवस्था मन्त्री मोहमद आफ्तब आलमको नेतृत्वमा कतार भ्रमणमा रहेको टोलीको सम्मानमा एनआरएनए-एनसिसी कतारले एक रात्री भोजको आयोजना गर्योक । भ्रमण टोलिका सदस्यहरुमा बैदेशिक रोजगार प्रबर्धन बिभागका महानिर्देशक मोहनकृष्ण सापकोटा, बैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक स्थानेस्वर देबकोटा, श्रम मन्त्रालयका सहसचिव पूर्णचन्द्र भट्टराई, परराष्ट्र मन्त्रालयका उपसचिव अर्जुन पन्त र श्रम मन्त्रीका स्वकिय सचिव फजल-ए-हक पनि समारोहमा उपस्थित हुनुहुन्थ्यो ।

उक्त रात्री भोजमा कतारका लागि नेपाली राजदुत डा. सुर्यनाथ मिश्र र दुतावासका प्रथम सचिव रामकाजी खडकाका साथै एनआरएनए-आइसिसिका उपाध्यक्ष सागर नेपाल र कतारका आइसिसि सदस्य प्रज्ञान उदासको पनि उपस्थिती थियो ।

## एन.आर.एन. यूकेको सम्मान कार्यक्रम सम्पन्न

गैरआवासीय नेपाली संघ यूकेले यहि मे ९ तारिखका दिन एक सम्मान कार्यक्रम आयोजना गरेको छ । उक्त कार्यक्रममा गत अप्रील ११ तारिखमा आयोजित "श्रष्टाहरुको संझना साँझ" कार्यक्रमलाई सम्पन्न गर्न सहयोग पुर्याउने सम्पूर्ण महानुभावहरुलाई धन्यबाद सहित खादा ओढाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो ।




कार्यक्रमको सभापतित्व एन.आर.एन. यूकेका अध्यक्ष सुर्य गुरुङले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन राष्ट्रिय संयोजक भक्त गुरुङ र अतिथिहरुलाई स्वागत कार्यसमितिका सदस्य यादव श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाली दूतावासका काउन्सलर मिनिष्टर झबिन्द्र प्रसाद अर्याल, विशेष अतिथिमा माइती नेपालका अध्यक्ष अनुराधा कोईराला र अतिथीहरुमा एन.आर.एन. यूकेका संरक्षक प्रो.डा. सुर्य सुवेदी, नवनिर्वाचित काउन्सिलर गमबहादुर गुरुङ, एन.आर.एन. युकेका आई.सी.सी. सदस्यहरु लक्ष्यबहादुर गुरुङ, डा. हेमराज शर्मा र विजय थापा, एन.आर.एन. यूकेका निवर्तमान अध्यक्ष मे. डमर घले तथा एन.आर.एन. यूकेका सल्लाहकारहरु, काउन्सलर धन गुरुङ र स्वयंसेवी अभियान नेपालका भुपेन्द्र घिमिरे हुनुहुन्थ्यो ।



एनसिसी कतारको कार्यसमिती सदस्य र सल्लहकारको उपस्थिती रहेको उक्त कार्यक्रममा अतिथिहरुलाई स्वागत गर्दै अध्यक्ष नरेन्द्र भाटले कतारबासी गैरआवासीय नेपालीहरुको समस्या बारे प्रकाश पर्नु भएको थियो । उक्त अवसरमा मन्त्री आलमले ज्ञापन पत्रमा उल्लेख गरिएका समस्या समाधानका लागि कार्य अगाडि बढाउन पहल गर्ने आश्वासन दिनु भयो । स्मरण रहोस सोही दिन नेपाली राजदुताबास कतारको आयोजनामा सम्पन्न अन्तरकृया कार्यक्रममा एनसिसी कतारको तर्फबाट प्रथम उपाध्यक्ष अजिजुर रहिमान शेख र महासचिब बिलबहादुर गुरुङ्गले १० बुदे ज्ञापन पत्र माननीय मन्त्रीज्यूलाई बुझाउनु भएको थियो ।

## General Meeting of Non-Resident Nepali Association Nari Nikunja Australia

The first Annual General Meeting (AGM) of Nari Nikunja of NRN NCC Australia was held on 1st May 2010 at the Polish Club in Ashfield, Sydney, Australia. The AGM was followed by a fund raising dinner and has unanimously elected 27 executive committee members under the leadership of Mrs. Babita Shrestha. The AGM has unanimously approved the reports on past and future programs and activities of Nari Nikunj presented by Outgoing President Mrs. Ranju Thapa and financial reports presented by the Treasurer Mrs. Bhumika Limbu. The AGM was conducted by the outgoing Secretary and newly nominated advisor Mrs. Janaki Paudel.

The AGM was followed by charity dinner organized to raise funds for oncoming projects of Nari Nikunj on uterine prolapse in women of Nepal. Newly elected Nari Nikunja executive team took oath from Mr. Dhruba Subedi, President of NRN Australia. His Excellency Mr. Yogendra Dhakal, Ambassador of Nepal thanked all members of Nari Nikunj Australia for their active involvement to help and support the women of Nepal. The newly elected president Mrs. Babita Shrestha expressed her commitment to work as a team in the national level and to extend the Nari Nikunja movement to a worldwide level.

Mrs. Ranju Thapa, Deputy Coordinator on women affairs of NRN ICC and outgoing president of Nari Nikunja Australia highlighted the history and activities of Nari Nikunja Australia. Speaking on the occasion, Ms. Indra Ban NRN ICC Advisor emphasized the need of women empowerment and its involvement in NRN movement. Mr. Dhruba Subedi, President of NRN Australia addressed the meeting and expressed the NRN NCC solidarity with the Nari Nikunj movement. He expressed the commitment to work with Nari Nikunja and urged the Nepalese community to support Nari Nikunja and its valuable projects.

## एनसिसि कुवेतद्वारा नेपाली क्रिकेट खेलाडीहरुलाई स्वागत सम्मान

३ अप्रिल २०१० का दिन नेपालवाट एसीसी एलाईट क्रिकेट ट्रफीमा भाग लिन कुवेत आईपुगेका नेपाली क्रिकेटर खेलाडीहरुको स्वागतमा एनसिसि कुवेतले रात्री भोज सहितको समारोह आयोजना गरेको थियो ।



उक्त समारोहमा कुवेतका लागि नेपाली राजदुत मधुवन प्रसाद पौडेल, एनसिसि कुवेतका अध्यक्ष राजेन्द्र तामाङ, आईसिसि सदस्य राजन कुँवर, एनसिसिका उपाध्यक्ष द्वय धर्मराज गिरी, दीपक क्षेत्री, महासचिव अगम सुव्वा, सचिव सुजन केसी, कोषाध्यक्ष किसोर कुमार शर्मा, सदस्यहरुमा राजन रिमाल, कृष्ण पाण्डे, सौगात सुवेदि, रवि बन्जाडे, बम बहादुर बिष्ट, मेघनाथ आचार्य आदि सदस्यहरुका लगायत कुवेतमा रहेका खेलप्रेमि बुद्धिजिवि समाजसेवि, पत्रकारहरुको उपस्थिति रहेको थियो ।

नेपाली क्रिकेट टोलीका टिम म्यानेजर विनोद मैनाली, टिम क्याप्टन पारस खड्का लगायतका सबै खेलाडीहरु सो समारोहमा सामेल भएका थिए । समारोहको अन्त्यमा स्थानिय पत्रकारहरुको तर्फबाट खेलाडीहरुलाई मरुभूमीको कोसेली उपहार हस्तान्तरण गरिएको थियो ।

